# सबलीकरण

स्थानीयस्तरमा सञ्चालित सहकारी संस्थाहरूको सबलीकरणका लागि प्रस्तावना

राष्ट्रिय सहकारी बैंक लिमिटेड

## १. सबलिकरण कार्यक्रम परिचय

सहकारी विभागको सहकारी झलक २०७७ को तथ्याङ्क अनुसार नेपालको कुल जनसंख्याको २८% मानिसहरु सहकारीमा आबद्ध छन् । त्यसमध्येपनि महिलाको संख्या ५६% रहेको सहकारी विभागद्वारा जारी तथ्यांकले देखाएको छ। पुँजी निर्माण, रोजगारी सृजना, उद्यमशिलता विकास जस्ता हरेक क्षेत्रमा सहकारीको भूमिका उल्लेखनीय रहिआएको छ। सहकारीमा मात्रै ८८ हजार भन्दा बढिले प्रत्यक्ष रोजगारी प्राप्त गरेकोले पनि यस क्षेत्रको विकास र प्रबर्द्धनमा राज्य र सहकारी अभियानको महत्वपूर्ण भूमिका रहनुपर्छ। सहकारी अभियानको तर्फबाट राष्ट्रिय सहकारी बैंक यो भूमिका निर्वाह गर्नको लागि रणनैतिक हिसाबले अगाडि बढिरहेको छ। सबलीकरण कार्यक्रम स्थानीय सरकारसँगको साझेदारीमा सहकारी संस्थाहरुलाई सबल, सक्षम र स्तरीकृत बनाउने लक्ष्य अनुरुप तर्जुमा गरिएको छ।

सहकारी विभागको तथ्यांक अनुसार नियामकिय क्षेत्राधिकारभित्र स्थानीय तहहरुले कुल २९८८६ सहकारीहरुमध्ये ७९.५% सहकारीहरुको नियमन र प्रबर्द्धन गर्नुपर्ने देखिन्छ। संघिय सहकारी मन्त्रालय र  विभागले स्थानीय तहहरु र प्रदेश सहकारी विभागको नियामकिय क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेकोमा सबलीकरण कार्यक्रमले सो लक्ष्य प्राप्तिको लागि समेत सहयोग गर्ने अपेक्षा गरिएको छ।

## २. कार्यक्रमको लक्ष्य

**स्थानीयस्तरमा सञ्चालित सहकारी संस्थाहरुको सबलीकरण**

## ३. कार्यक्रमको उद्देश्य

सबलीकरण कार्यक्रमको मूख्य उद्देश्य स्थानीयस्तरमा रहेका सहकारीहरुको सक्षमता अभिवृद्धि गरी स्तरीकृत संस्थाको रुपमा विकास गर्नु रहेको छ। सबलीकरणका वृहत उद्देश्यहरु निम्न बमोजिम छन् :

१. स्थानीयस्तरमा सञ्चालित सहकारी संस्थाहरुको व्यावसायिकता अभिवृद्धि गर्ने,

२. स्थानीयस्तरमा सञ्चालित सहकारीहरुलाई प्राविधिक रुपमा सक्षम बनाउने,

३. सहकारीहरुको जोखिम पहिचान र व्यवस्थापनमा सहजिकरण गर्ने,

४. स्थानीय तहहरुसँग सहकारी बैंकको सम्बन्ध विस्तार गर्ने,


५. सहकारी बैंकको सेवा प्राप्तिमा थप सहजिकरण गर्ने,

६. स्थानीय तहहरुको नियामकिय दक्षता अभिवृद्धि गर्ने,

७. सहकारीको मूल्य मान्यता तथा सिद्धान्त पालनाको स्तरवृद्धि गर्ने,

## ४. त्रिपक्षीय रणनीतिः

स्थानीयस्तरमा रहेका सहकारीहरुको सबलीकरणका लागि राष्ट्रिय सहकारी बैंकले स्थानीय तहहरुसँगको साझेदारीमा यो कार्यक्रम सञ्चालन गर्ने रणनीति लिएको छ। बैंकको दिर्घकालिन रणनैतिक लक्ष्य अनुरुप तयार गरिएको सबलीकरण कार्यक्रम स्थानीय तह र सहकारी बैंकको द्विपक्षिय सम्झौतामा आधारित भएर सञ्चालन हुनेछ।



स्थानीय तहले सुचिकृत गरी सिफारिस गरेका सहकारी संस्थाहरुलाई पालिकाले यस सम्बन्धि जानकारी गराएपश्चात बैंकले प्राविधिक सहजिकरण गर्ने गरी योजना निर्माण हुनेछ। स्थानीय तहहरुले नियामकियका साथै प्रर्बद्धनात्मक भूमिका समेत निर्वाह गर्नुपर्ने भएकोले सहकारीको प्रबर्द्धन तथा विकासको लागि राष्ट्रिय सहकारी बैंकसँग गरिने सम्झौतामा आधारित सेवा उपलब्ध गराउनेछ।

## ५. कार्यक्रम कार्यान्वयन विधि

बैंकले आ.व. २०७९/०८० को लागि सबलीकरण कार्यक्रम सञ्चालानार्थ ४७८ पालिकाहरुमा आशयपत्र पेश गरेको थियो। यसैको आधारमा पालिकाहरुसँग कार्यक्रम कार्यान्वयनको लागि सम्झौता गरीन्छ। कार्यक्रम सञ्चालनको लागि बैंकले पालिकाको सहकारी शाखा वा महाशाखासँग समन्वय गरेर क्रियाकलापहरुको योजना बनाइन्छ र सोही योजना अनुसार पालिकाको नियामकिय क्षेत्राधिकारभित्रका सहकारीहरुको सबलीकरणको लागि संस्थाको निरिक्षणमार्फत आवश्यक नीति कार्यविधिहरु निर्माण भए नभएको, वित्तीय सन्तुलन कायम रहे नरहेको, जोखिम पहिचान र व्यवस्थापनसँग सम्बन्धित उपायहरु अबलम्बन गरे नगरेको आदि विषयहरुमा अध्ययन गरी संस्थाको स्वास्थ्य परीक्षण गरिन्छ।

एउटा संस्थालाई सबलीकरण कार्यक्रममा न्युनतम १-३ वर्षसम्म प्राविधिक सेवा उपलब्ध गराइनेछ र संस्थाको शुरु, नियमित तथा अन्तिम परीक्षण गर्न सकिनेछ। पालिकाले संस्थाहरुका पहिचान भएका आवश्यकताको आधारमा विभिन्न चरणमा परीक्षण तथा प्राविधिक वा अन्य सहयोगको फरक फरक प्याकेज निर्धारण गर्न सक्नेछन् भने प्याकेज अर्न्तगतका सेवाहरु पनि छनौट गर्न सक्नेछन्। सेवाहरुको छनौट पश्चात त्यसलाई सम्झौतामा विस्तृत उल्लेख गरी सेवा प्रदान गरिनेछ।

परीक्षण पश्चात पत्ता लागेका अन्तरहरु (Gap) लाई पुरा गर्नको लागि विभिन्न प्याकेजमा सहकारीहरुलाई प्राविधिक सहयोग उपलब्ध गराइन्छ। यसका साथै पालिकाले देखेको आवश्यकताको आधारमा अनुसुची ३ र ४ बमोजिमको तालिम र र सीमित सेवाहरुको लागि मात्रै पनि सम्झौता गर्न सकिनेछ। यसका लागि पालिकाले आफ्नो नियमन क्षेत्रभित्र रहेका संस्थाहरुको अवस्था र पालिकाको प्राथमिकताको आधारमा विभिन्न प्याकेजका तालिमहरुका साथै नीति कार्यविधि निर्माण सम्बन्धी प्राविधिक सेवाहरुको छनौट गर्न र आपसी सहमतीमा सम्झौता गर्न सकिने छ।

## ६. सबलिकरण कार्यक्रमका मूख्य क्रियाकलापहरुः

क) स्थानीयस्तरमा रहेका सहकारीहरुको तथ्यांक संकलन, प्रशोधन र प्रतिवेदन प्रस्तुतीकरण,
ख) स्थानीय तहले सुचीकृत गरेका सहकारीहरुको अनसाईट (कार्यस्थल) परीक्षण प्रतिवेदन पेश गर्ने,

ग) स्थानीयस्तरमा रहेका सहकारीहरुको संस्थागत विकासको लागि सम्झौता अनुसारका तालिम शिक्षा तथा प्राविधिक सेवा उपलब्ध गराउने,

च) सरोकारवालाको पहिचान गर्ने, कार्यक्रम कार्यान्वयनको लागि समन्वय गर्ने,

छ) कार्यक्रमको आवधिक समिक्षाको आयोजना, प्रतिवेदन तयारी र पेश गर्ने।

ज) कार्यक्रममा सहभागी संस्थाहरुको सामुहिक रुपमा प्रगतिको समिक्षा गर्ने

झ) स्थानीयस्तरमा रहेका संस्थाहरुको अध्ययन तथा प्रगति प्रतिवेदन उपलब्ध गराउने,

ञ) कार्यक्रमबाट प्राप्त ज्ञान र जानकारीहरुलाई प्रसार गर्ने,

**ट) पालिकाले संस्था छनौटको लागि मापदण्ड तयारी गर्नको लागि आवश्यक पर्ने प्राविधिक सेवा प्रदान गर्ने।**

## ७. सबलीकरण कार्यक्रमको वार्षिक कार्यान्वयन तालिका

| कार्यहरु | त्रैमास | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | |
| आशय पत्र पेश, पालिकासँग सम्झौता तथा छलफल अन्तरक्रिया | | | | | बैंक |
| आधार सर्वेक्षण र प्रतिवेदन निर्माण | | | | | बैंक |

| | | | | | |
|---|---|---|---|---|---|
| सरोकारवाला व्यवस्थापन (पालिका, सहकारीका संघहरु, सहकारी बैंकको स्थानीय शाखा) | | | | | बैंक |
| सबलीकरण कार्यक्रम कार्यान्वयन गरिने सहकारीहरुको सुची तयार | | | | | पालिका |
| सूचिकृत सहकारी, पालिका तथा सरोकारवालाहरुसँग अन्तरक्रिया | | | | | बैंक |
| सुचिकृत सहकारीहरुको भौतिक रुपमा निरिक्षण, छलफल र विस्तृत आधार प्रतिवेदन तयारी | | | | | बैंक |
| प्रतिवेदन र प्याकेजको आधारमा कार्यक्रमको कार्यान्वयन | | | | | बैंक |
| वार्षिक सम्परीक्षण | | | | | बैंक र पालिका |
| आधार प्रतिवेदनको आधारमा संस्थाको अन्तिम परीक्षण (इन्डलाईन) अन्तिम परीक्षणको आधारमा प्रत्येक संस्थाको बारेमा प्रतिवेदन निर्माण गरी संस्था *सबलिकरणको लागि विस्तृत सुझाव प्रस्तुत गर्ने जिम्मेवारी सहकारी बैंकको हुनेछ। निरन्तर सेवा प्रवाहका बाबजुद पनि संस्थागत सुधार गर्न नसकिने अवस्थामा पालिकालाई यस सम्बन्धी विस्तृत विवरण पेश गरिनेछ।* | | | | | बैंक र पालिका |
| वार्षिक प्रतिवेदन तयारी र पेश | | | | | बैंक |
| सम्झौता नविकरण (प्रत्येक वर्ष) | | | | | बैंक र पालिका |

**८. अपेक्षित परिणामः**

सबलीकरण कार्यक्रमको अपेक्षित परिणाम सहकारी संस्थाहरुको सकारात्मक रुपान्तरण हो। सहकारीहरुको व्यावसायिक दक्षता अभिवृद्धि गर्दै दिगो र सुरक्षित सहकारी निर्माणको लागि सबलीकरण कार्यक्रम केन्द्रीत रहनेछ। सबलीकरण कार्यक्रम कार्यान्वयन पश्चातका अपेक्षित परिणाम निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) सहकारी ऐन तथा नियमावली बमोजिम संस्थाहरुको विनियम अद्यावधिक हुनेछ,

ख) अद्यावधिक विनियम बमोजिम सहकारी संस्थाको आधारभूत आन्तरिक कार्यविधिहरु निर्माण, संसोधन र अद्यावधिक हुनेछ,

ग) संस्थाले मासिक विश्लेषणात्मक वित्तीय प्रतिवेदन तयार हुनेछ,

घ) संस्थाको कर्मचारी, समिति तथा उपसमितिहरुको दक्षता अभिवृद्धि हुनेछ,

ङ) संस्थाहरुको कोपोमिस र गोएएमएलमा तथ्यांक प्रविष्ठ गर्न वा प्रतिवेदन पेश हुनेछ,

च) त्रैमासिक आन्तरिक लेखापरिक्षण प्रतिवेदन तयार हुनेछ,

छ) संस्थाको समिति तथा उपसमितिहरुको बैठक नियमित र व्यवस्थित हुनेछ,

ज) सहकारीहरुको संस्थागत सुशासन अभिवृद्धि हुनेछ,

झ) सहकारीहरुको व्यावसायिक दक्षता अभिवृद्धि हुनेछ,

ञ) संस्थाले नियामक तहमा बुझाउनुपर्ने प्रतिवेदनहरु नियमित गर्ने छन्,

ट) नेतृत्वको क्षमता अभिवृद्धिका साथै समितिको जवाफदेहिता अभिवृद्धि हुने।

**९. स्रोत र समन्वयः**

क) सबलीकरण कार्यक्रम कार्यान्वयनको लागि आर्थिक स्रोतको व्यवस्थापन तिनै पक्षले गर्नुपर्नेछ। पालिकाले छनौट गरेको सहकारीहरुलाई प्रदान गरिने सेवाको लागि लाग्ने अनुमानित बजेट तय भैसकेपछि निम्नानुसारले बजेट बाँडफाँड गरिनेछ। प्याकेज अनुसार प्रति सहकारीमा लाग्ने अनुमानित खर्चको विवरण अनुसुची ५ मा रहेको छ।

| पालिका | सहकारी संस्था | सहकारी बैंक |
|---|---|---|
| ८०% | १०% | १०% |

ख) सबलीकरण कार्यक्रम कार्यान्वयनमा जिम्मेवारी बाँडफाँड निम्नानुसार हुनेछ।

| | |
|---|---|
| पालिका | • समन्वय<br>• अनुगमन<br>• समिक्षा<br>• नियमन/निर्देशन<br>• सहकारी सम्बन्धी शैक्षिक सामाग्रीहरु प्रकाशन र प्रशारण<br>• सहकारी सम्बन्धी जागरणमूलक कार्यक्रमहरुको आयोजना तथा संयोजन गर्ने |
| सहकारी संस्था | • कार्यक्रम कार्यान्वयनको प्रतिबद्धता,<br>• कार्यक्रमको निरन्तरताको लागि व्यक्तिगत/सामुहिक जिम्मेवारी<br>• कार्यक्रमले माग गरेको नीति तथा कार्यविधि निर्माण सक्रिय सहभागिता<br>• विभिन्न तालिम तथा गोष्ठिहरुमा सहभागिता,<br>• स्रोत व्यवस्थापनको लागि तयार। |
| राष्ट्रिय सहकारी बैंक | • प्याकेज तयारी तथा अद्यावधिक<br>• समन्वय<br>• प्याकेज अर्न्तगत सेवा प्रवाह र कार्यान्वयन,<br>• पालिकालाई त्रैमासिक अध्ययन/प्रगति प्रतिवेदन पेश (सम्झौता बमोजिम),<br>• आवधिक समिक्षा<br>• स्रोत सामाग्रीहरुको तयारी<br>• **शैक्षिक सामाग्रीहरु प्रकाशनको लागि प्राविधिक सहयोग**<br>• **सहकारी सम्बन्धी जागरणमूलक कार्यक्रमहरुको लागि प्राविधिक सहयोग उपलब्ध गराउने** |

**१०. सबलीकरण कार्यक्रम पश्चात सहकारीहरुमा देखिने मूख्य परिवर्तनहरुः**

क) मासिक रुपमा वित्तीय विवरण र पर्ल्स प्रतिवेदन तयार गर्ने गरेको,

ख) संस्थाको विनियम अद्यावधिक भएको,

ग) संस्थाको आधारभूत आन्तरिक कार्यविधिहरु तयार भएको,

घ) सहकारीको सदस्य सेवा अभिवृद्धि भएको,

ङ) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको नियमित बैठक सञ्चालन र व्यवस्थापनको सञ्चालन क्षमता अभिवृद्धि भएको,

च) लेखा सुपरिवेक्षण समितिले त्रैमासिक आन्तरिक लेखापरिक्षण प्रतिवेदन पेश गर्ने गरेको,

छ) संस्थाले नियमित रुपमा कोपोमिस र गोएएमएलमा तथ्यांक प्रविष्ठ गर्ने गरेको,

ज) संस्थागत सुशासनमा सुधार भएको,

झ) संस्थाको समग्र व्यावसायिक गतिविधिहरुमा वृद्धि भएको,

ञ) संस्थाको सदस्य र कारोबारमा वृद्धि भएको,

ट) विषयगत संघहरु र राष्ट्रिय सहकारी बैंकको सदस्यता लिई सेवा उपभोग गर्ने गरेको,

ठ) व्यावसायिक योजना निर्माण भएको,

ड) सदस्यको गुनासो सुन्ने परिपाटी विकास भएको ।

ढ) समितिको प्रभावकारीता वृद्धि हुने, समितिको स्वमूल्यांकन पद्धतिको विकास हुने

ण) एकिकरणको लागि संस्थागत तयारी हुन सक्ने ।

●●●

# सबलीकरण कार्यक्रम विस्तृत कार्यसम्पादन प्रवाह

आशयपत्र र प्रस्तावना पेश र आवश्यकता अनुसार कार्यक्रमको बारेमा प्रस्तुती एवं छलफल

↓

पालिका र राष्ट्रिय सहकारी बैंक विचमा सहमति कायम

↓

पालिकाद्वारा सबलीकरण कार्यक्रम कार्यान्वयनको लागि सहकारीको सुची तयार → पालिका र बैंक विच विस्तृत बजेट सहितको सम्झौता

↓

पालिकाद्वारा सुचीकृत सहकारीको नामावली बैंकलाई उपलब्ध → बेसलाईन तथ्यांक तयार

↓

सुचीकृत सहकारीलाई पालिकाद्वारा पत्राचार (बोधार्थ राष्ट्रिय सहकारी बैंक)

↓

सुचीकृत सहकारीसँग समन्वय, सञ्चार र सम्पर्कसुत्र स्थापित

↓

सुचीकृत संस्था, पालिका र सरोकारवालासँग कार्यक्रमको बारेमा अभिमूखिकरण

↓

सुचीकृत संस्थामा भ्रमण र छलफलको लागि योजना तयार र तथा कार्यक्रम कार्यान्वयन

↓

बैंकद्वारा त्रैमासिक प्रगति प्रतिवेदन तयार र पेश

↓

अर्धवार्षिक र वार्षिक समिक्षा

अनुसुची १ (क)

*सबलीकरण कार्यक्रम कार्यान्वयनको लागि सम्झौताको नमुनाः*

**राष्ट्रिय सहकारी बैंक लिमिटेड, कुपण्डोल, ललितपुर,**
**.................. पालिकाविच भएको**
सबलीकरण कार्यक्रम कार्यान्वयनको
**सम्झौता-पत्र**

राष्ट्रिय सहकारी बैंक लिमिटेड, कुपण्डोल ललितपुर (प्रथम पक्ष) र .............................पालिका......................................(द्वितिय पक्ष) बीच निम्न बूदाँहरुमा सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरिएको छः

१. सबलीकरण कार्यक्रम कार्यान्वयनका लागि दोस्रो पक्षले आफ्नो नियामकिय क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुको सुचि प्रथम पक्षलाई उपलब्ध गराउनेछ,
२. प्रथम पक्षले तयार गरेको सबलीकरण कार्यक्रम कार्यान्वयनको लागि विभिन्न तालिमका म्यानुअल तथा सहकारीको लागि आवश्यक पर्ने नीति तथा कार्यविधिहरुको मस्यौदा तयार गर्नेछ,
३. प्रथम पक्षले सुचिकृत सहकारीहरुको वार्षिक प्याकेज अनुसार संस्थाहरुलाई सहजिकरण गर्नेछ,
४. प्रथम पक्षले आवश्यकता अनुसार सम्झौता सम्पन्न गरेका सहकारी संस्थाहरुको स्थलगत निरिक्षण गर्नेछ,
५. स्थलगत निरिक्षणले सिफारिस गरेका कार्यहरुको कार्यान्वयनको लागि लागि प्रथम पक्षले प्राविधिक सहयोग उपलब्ध गराउनेछ,
६. कार्यक्रम कार्यान्वयनको लागि प्रथम पक्षले तयार गरेको कुल अनुमानित लागत रु............ (अक्षरुपी...................) मा प्रथम पक्षले १०%, दोस्रो पक्षले ८०% र सम्बन्धित संस्थाले १०% व्यहोर्नेछ,
७. सबलीकरण कार्यक्रम कार्यान्वयनको लागि तयार पारिएका नीति तथा कार्यविधिहरुको एक एक प्रति प्रथम पक्षले दोस्रो पक्ष र सुचिकृत सहकारी संस्थाहरुलाई उपलब्ध गराउनुपर्नेछ,
८. सबलीकरण कार्यक्रमको अवधि ३ वर्षको हुनेछ र यो सम्झौता वार्षिक रुपमा नविकरण गर्न सकिनेछ,
९. सबलीकरण कार्यक्रमको अनुगमन तथा मूल्यांकन दोस्रो पक्षले आवधिक रुपमा गर्नेछ,
१०. प्रथम पक्षले सहकारी संस्थाहरुको विस्तृत प्रतिवेदन र कार्यक्रम कार्यान्वयनको योजना र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ
११. प्रथम र दोस्रो पक्षले संयुक्त रुपमा कार्यक्रमको प्रगति समिक्षा गर्नेछन्,
१२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा कुनै अस्पष्टता वा यस सम्झौतामा कुनै विवाद उत्पन्न भएमा दुबै पक्षबीचको आपसि छलफलबाट टुङ्गो लगाइनेछ।

| | | |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंकको तर्फबाट<br>नामः .......<br>पदः ...........<br>हस्ताक्षरः ...........<br>मितिः<br>छापः | | ............पालिकाको तर्फबाट<br>नामः .......<br>पदः ...........<br>हस्ताक्षरः ...........<br>मितिः<br>छापः |

अनुसुची १ (ख)

## पालिकाले सुचिकृत सहकारीहरुलाई प्रेषण गर्ने पत्रको नमुना

श्री अध्यक्षज्यू

……………………… सहकारी संस्था लि.

…………………………………

विषयः सबलीकरण कार्यक्रममा सुचिकृत गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस ………………… पालिका र राष्ट्रिय सहकारी बैंक लि. विच मिति…………………… मा सम्पन्न सम्झौता बमोजिय तहाँ …………………………… सहकारी संस्था लि., ……………. लाई बैंकद्वारा तयार पारिएको सबलीकरण कार्यक्रममा आबद्धताको लागि सुचिकृत गरिएको व्यहोरा अवगत गराईन्छ। उक्त कार्यक्रमले तहाँ सहकारी संस्थाको संस्थागत विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा गरिएको छ।

राष्ट्रिय सहकारी बैंकको सबलीकरण कार्यक्रममा आबद्ध भै कार्यक्रमले माग गरेका कार्यहरु सम्पन्न गरी आवश्यकता अनुसार यस पालिकासँग समन्वय गर्नुहुन आदेशानुसार अनुरोध छ। साथै सबलीकरण कार्यक्रमको विस्तृत विवरण यसैपत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अवगत गराईन्छ ।

धन्यवाद।

बोधार्थः

राष्ट्रिय सहकारी बैंक लि., कुपण्डोल, ललितपुर

………………….

प्रमुख

सहकारी महाशाखा

अनुसुची २

सबलीकरण कार्यक्रम प्राविधिक सेवा प्याकेज

पालिकाले आवश्यकताको आधारमा जुनसुकै प्याकेजको पनि सेवा छनौट गर्न सक्ने ।

| आधारभूत प्याकेज |
| --- |
| पालिकाद्धारा उपलब्ध गराइएको सहकारीहरुको विस्तृत प्रतिवेदन निर्माण |
| प्रारम्भिक तहको १ वटा तालिम प्रदान (दुई दिवशीय) |
| तिनवटा आधारभूत नीति निर्माणमा सहजिकरण |
| प्रत्येक संस्थालाई मासिक वित्तीय प्रतिवेदन निर्माणमा सहजिकरण |
| विनियम संसोधनमा आवश्यकता अनुसार सहजिकरण |
| कोपोमिस र गोएएमएल कार्यान्वयनमा सहजिकरण (पालिकालाई आवश्यक परेको अवस्थामा समेत सहजिकरण गर्न सकिने) |
| पालिकाको नेतृत्व र कर्मचारीहरुको लागि सहकारी सम्बन्धी तालिम १ दिवशीय |
| नियामकिय प्रावधान सम्बन्धी तालिम २ दिवशीय |
| त्रैमासिक संस्थागत निरिक्षण र सहजिकरण (स्तरीकरण कार्यक्रम) |
| आवश्यकता अनुसार एकिकरण सम्बन्धी सहजिकरण वा एकिकरणको म्यानुअल निर्माण |
| स्तरोन्नती प्याकेज |
| पालिकाद्धारा उपलब्ध गराइएको सहकारीहरुको विस्तृत प्रतिवेदन निर्माण |
| प्रारम्भिक र विकासशील तहको गरी २ वटा तालिम प्रदान (दुई दिवशीय) |
| पाँचवटा आधारभूत नीति निर्माणमा सहजिकरण |
| प्रत्येक संस्थालाई मासिक विश्लेषणात्मक वित्तीय प्रतिवेदन निर्माणमा सहजिकरण |
| प्रत्येक संस्थालाई मासिक पर्ल्स प्रतिवेदन निर्माणमा सहजिकरण |
| विनियम संसोधनमा आवश्यकता अनुसार सहजिकरण |
| कोपोमिस र गोएएमएल कार्यान्वयनमा सहजिकरण (पालिकालाई आवश्यक परेको अवस्थामा समेत सहजिकरण गर्न सकिने) |
| नियामकिय प्रावधान सम्बन्धी तालिम २ दिवशीय |
| पालिकाको नेतृत्व र कर्मचारीहरुको लागि सहकारी सम्बन्धी तालिम २ दिवशीय |
| त्रैमासिक संस्थागत निरिक्षण र सहजिकरण (स्तरीकरण कार्यक्रम) |
| आवश्यकता अनुसार एकिकरण सम्बन्धी सहजिकरण वा एकिकरणको म्यानुअल निर्माण |
| उच्चस्तर प्याकेज |
| पालिकाद्धारा उपलब्ध गराइएको सहकारीहरुको विस्तृत प्रतिवेदन निर्माण |
| प्रारम्भिक र विकासशील तहको गरी ३ वटा तालिम प्रदान (त्रिदिवशीय) |
| ६ वटा आधारभूत नीति निर्माणमा सहजिकरण |
| प्रत्येक संस्थालाई मासिक पर्ल्स प्रतिवेदन निर्माणमा सहजिकरण |
| सहकारीहरुको चार वर्षे व्यावसायिक योजना निर्माणमा सहजिकरण |

| |
|---|
| विनियम र संस्थागत कार्यविधिहरु संसोधनमा आवश्यकता अनुसार सहजिकरण |
| बैंकको केयर कार्यक्रममा आबद्धता र केयरको कार्यान्वयन |
| नियामकिय प्रावधान सम्बन्धी तालिम २ दिवशीय |
| पालिकाको नेतृत्व र कर्मचारीहरुको लागि सहकारी सम्बन्धी तालिम ३ दिवशीय |
| आवश्यकता अनुसार एकिकरण सम्बन्धी सहजिकरण |
| कोपोमिस र गोएएमएल कार्यान्वयनमा सहजिकरण । |

अनुसुची ३

**सबलीकरण कार्यक्रम कार्यान्वयनका लागि प्रदान गरिने तालिमहरुको सूचि**

**पालिकाले आफ्नो आवश्यकता बमोजिम निम्न उल्लेखित सुचीबाट तालिमहरु छनौट गर्न सक्नेछन्**

१. आधारभूत तहका तालिमहरुः

- क) सहकारी व्यवस्थापन
- ख) लेखा व्यवस्थापन
- ग) ऋण व्यवस्थापन
- घ) टेलर सञ्चालन तालिम (टेलरका कर्मचारीको लागि)
- ङ) कोपोमिस र सम्पत्ति शुद्धिकरण निवारण तालिम

२. स्तरोन्नती तहका तालिमहरु

- क) वित्तीय विश्लेषण तालिम
- ख) कोपोमिस र सम्पत्ति शुद्धिकरण निवारण तालिम
- ग) वार्षिक योजना तथा बजेट निर्माण तालिम
- घ) नीति कार्यविधि लेखन शिप
- ङ) जाली नोट पहिचान तथा हस्ताक्षर जाँच सम्बन्धी तालिम
- च) सदस्य परामर्श तालिम

३. उच्चस्तर तहका तालिमहरु

- क) संस्थाको समिति, उपसमितिहरुको क्षमता अभिवृद्धि तालिम (संस्थागत)
- ख) साइबर सुरक्षा र हस्ताक्षर जाँच तथा जाली नोट पहिचान सम्बन्धि तालिम
- ग) वित्तीय विश्लेषण तालिम (पर्ल्स समेत)
- घ) कोपोमिस र सम्पत्ति शुद्धिकरण निवारण तालिम
- ङ) रणनैतिक योजना र बजेट निर्माण तालिम
- च) नीति कार्यविधि लेखन शिप
- छ) व्यवस्थापकको क्षमता अभिबृद्धि तालिम
- च) सदस्य सम्बन्ध उत्कृष्टता तथा परामर्श तालिम

अनुसुची ४

सबलिकरण कार्यक्रम अन्तर्गत सहकारी बैंकले सहजिकरण गरी तयार गर्ने सहकारी संस्थाहरुको आन्तरिक कार्यविधिहरुको सुची

**पालिकाले आफ्नो आवश्यकता बमोजिम निम्न उल्लेखित सुचीबाट कार्यविधिहरु छनौट गर्न सक्नेछन्**

१. ऋण व्यवस्थापन आन्तरिक कार्यविधि
२. बचत व्यवस्थापन आन्तरिक कार्यविधि
३. आर्थिक प्रशासन आन्तरिक कार्यविधि
४. मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधि
५. सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधि
६. साधारण सभा व्यवस्थापन आन्तरिक कार्यविधि
७. गुनासो संकलन तथा सम्बोधन कार्यविधि
८. विषयगत सहकारीको माग अनुसार : थप अन्य कार्यविधिहरु